# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०२।०९ गते

# प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको ।

---

जनज्योति माध्यमिक विद्यालय, आरखोला, पाछ्रावाङ, रोल्पामा कार्यरत शिक्षिका परेवा कुमारी घर्तीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी कार्यरत रहेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेशबाट हाईस्कूल पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा नियुक्ति लिई बहाल रही लाभ समेत लिएको पुष्टि भएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर गरेको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(काली प्रसाद पराजुली)
सह-सचिव